# बान्नीगढी जयगढ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

## करार सेवामा शिक्षक पदपुर्ति सम्बन्धी सूचना !!!

*प्रथम पटक प्रकाशित मितिः २०७८/०६/०१ गते*

प्रस्तुत विषय सम्बन्धमा यस बान्नीगढी जयगढ गाउँपालिकाको आ.व. २०७८/७९ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार शिक्षक अनुदान कोटामा तपसील बमोजिम करार सेवामा विज्ञान विषय शिक्षक तथा बालविकास सहजकर्ता पदपुर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका योग्य नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा माग बमोजिमको विवरण र दस्तुर तिरेको भौचर सहित यस कार्यालयमा आवेदन दिन हुन दरखास्त आव्हान गरिन्छ ।

**तपसीलः**

| क्र.सं | विज्ञापन नं. | विद्यालयको नाम | तह | विषय | किसीम | माग संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ०१. | २०७७/७८/०४ | श्री जनज्योति आ.वि. धारासैन | नि.मा.वि. | विज्ञान | खुला | १ | ७५०।- | |
| ०२. | २०७७/७८/०५ | श्री बड्डेखेत बालविकास केन्द्र, गाँज्रा | बालविकास | - | खुला | १ | ५००।- | |

**आवश्यक न्युनतम योग्यता र अनुभवः**

**१. शैक्षिक योग्यताः**

**क. नि.मा.वि. तहः** सम्बन्धित विषयमा प्रमाणपत्र तह वा +२ उत्तिर्ण वा सो सरह भई नि.मा.वि. तहको अध्यापन अनुमति पत्र प्राप्त ।

**ख. बालविकास केन्द्रः** एस.एल.सी/एसईई उत्तिर्ण वा सो सरह ।

**२. उमेरः** कम्तीमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

**३. दरखास्त दिने अन्तिम मितिः** २०७८/०६/१५ गते

**४. दरखास्त फाराम पाईने स्थानः** बान्नीगढी जयगढ गाउपालिकाको प्रशासन शाखा वा **Website:www.bannigadhijaygadhmun.gov.np**

**५. आवेदन बुझाउने स्थानः** बान्नीगढी जयगढ गाउँ कार्यपालिकाको कार्यालय जयगढ अछाम । आवेदन शुल्क बान्नीगढी जयगढ गाउँपालिका राजश्व शाखामा शुल्क तिरेको रसिद वा सिभिल बैंकमा रहेको कार्यालयको <u>**आन्तरिक राजश्व खाता नं. ग-४-३ ०७२१०२०२७१८०६७**</u> मा जम्मा गरेको भौचर संलग्न गर्नुपर्नेछ ।

**६. परीक्षाको किसिमः** लिखित / मौखिक आवश्यक परेमा प्रयोगात्मक ।

**७. परीक्षा हुने मिति स्थानः** विज्ञापन अवधि समाप्त भएपछि प्रकाशन गरिनेछ ।

**८. दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरुः** आवेदक स्वंमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरुः

*क. नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि*

*ख. न्युनतम योग्यताको प्रमाणपत्रको प्रतिलिपिहरु*

*ग. अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि*

*घ. शिक्षक तालिम लिएको भए तालिम प्रमाण पत्रको प्रमाणित प्रतिलिपि*

**९. तलब स्केलः** कार्यालय संगको करार सम्झौता बमोजिम ।

२०७८/६/१

**रामचन्द्र जोशी**
**नि.प्रमुख प्रशासकीय अधिकृत**
नि. प्रमुख प्रशासकीय अधिकृत